बकैया गाउँकार्यपालिकाको मिति २०७८।०३।२९ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. वार्षिक नीति, कार्यक्रम तथा बजेटको अन्तिम खाका स्वीकृती सम्बन्धमा:-

आगामी आर्थिक वर्ष २०७८।७९ को लागि मिति २०७८ असार १० गते गाँउसभामा पेश भएको वार्षिक नीति, कार्यक्रम तथा बजेटको विषयमा विभिन्न समितीहरु आर्थिक विकास समिती, सामाजिक विकास समिति, पूर्वाधार विकास समितीहरुमा विधिवत छलफल पछि परिमार्जन गरी तयार भएको संलग्न वार्षिक बजेट तथा कार्यक्रमको अन्तिम खाका आगामी गाँउसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

२. बकैया गाँउपालिकाको आर्थिक विधेयक, २०७८ सम्बन्धमा:-

बकैयागाउँपालिकाको पाँचौ गाउँसभाको मिति २०७८।०३।१० को पहिलो बैठकमा पेश भएको बकैया गाउँपालिकाको आर्थिक विधेयक, २०७८ लाई गाउँसभाले थप अध्ययन सहित पुन गाउँसभामा पेश गर्न अनुरोध गरेकोमा बकैया गाउँकार्यपालिकाको आजको बैठकले उक्त विधेयकलाई वृहत अध्ययन सहित पारित गरियो र गाउँसभाको बजेट अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

३. बकैया गाउँपालिकाको विनियोजन विधेयक, २०७८ सम्बन्धमा:-

बकैयागाउँपालिकाको तेश्रो गाउँसभाको मिति २०७८।०३।१० को पहिलो बैठकमा पेश भएको बकैया गाउँपालिकाको विनियोजन ऐन, २०७८ लाई गाउँसभाले शंशोधन सहित पुन गाउँसभामा पेश गर्न अनुरोध गरेकोमा बकैया गाउँकार्यपालिकाको आजको बैठकले उक्त विधेयकलाई वृहत अध्ययन सहित पारित गरियो र गाउँसभाको बजेट अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

४. वडागत योजना स्वीकृत सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाँउ कार्यपालिकाले तोकेको वडागत बजेट सिलिङ्गको अधिनमा रहि तथा गाँउ कार्यपालिकाले तोकेको योजना प्राथमिकताको आधार तथा मार्गदर्शनलाई अनुशरण गरी टोल भेलाबाट माग भएका योजनाहरुमध्ये वडा समितीको बैठकले प्राथमिकीकरण गरी गाउँपालिकामा पेश भएकोमा सो योजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

५. बकैया गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको विकास निर्माणका लागि योजनाहरु कार्यान्वयन गर्ने क्रममा उक्त योजनाहरुको वातावरणीय परिक्षण तथा संक्षिप्त वातावरणीइ परिक्षण प्रायोजनार्थ "बकैया गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँढे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

व्यवस्था गर्न बनेको विधेयक, २०७८" वृहत छलफल सहित स्वीकृत गर्दै गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**६. बकैया गाउँपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको बनलाई व्यवस्थापन गर्नका लागि बकैया गाउँपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ वृहत छलफल सहित स्वीकृत गर्दै गाउँसभामा पेश गर्ने निर्णय गरियो।

**७. बकैया गाउँपालिकाको प्रथम आवधिक योजना (आ.व. २०७७।७८-२०८१।८२) सम्वन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको दिर्घकालिन लक्ष्य हासिल गर्नका लागि तथा वार्षिक योजनाहरुलाई दिशा निर्देश गर्नका लागि चालु आ.व. २०७७।७८ मा तयार भएको "बकैया गाउँपालिकको प्रथम आवधिक योजना (आ.व. २०७७।७८-२०८१।८२)" वृहत छलफल सहित स्वीकृतीको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**८. भ्रमण आदेशहरु स्वीकृती सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाका अध्यक्ष श्री दामोदर खनालले हालसम्म विभिन्न मितिमा योजना अनुगमन लगायतका कार्यका लागि लिनुभएका भ्रमण आदेशहरु अनुमोदन गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner